बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

भू तथा जलाधार व्यवस्थापन कार्यालय

रामेछाप बजार, रामेछाप

## शोधपत्र प्रस्ताव आवेदन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।२५

यस कार्यालय मार्फत संचालित नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता बृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना (Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal Project) अन्तर्गत शोधपत्र अनुसन्धानका लागि स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरुलाई Thesis Grant सहयोग गर्ने कार्यक्रम रहेकोले यस परियोजनाको कार्य क्षेत्र (मरिण जलाधार, सिन्धुली) को जलाधारीय स्रोतहरूको एकीकृत व्यवस्थापन गर्दै आदिवासी तथा स्थानीय समुदायहरूको उत्थानशीलता बृद्धिमा सहयोग पुग्ने गरी इच्छुक विद्यार्थीका लागि शोध अनुसन्धानमा सहयोग पुर्याउने उद्देश्यले यो सूचना प्रकाशन गरिएको छ । इच्छुक विद्यार्थीहरुले मिति २०८२/१०/१५ कार्यालय समय भित्र आवेदन (Hard and Soft copy) पेश गर्नुहुन सूचित गरिन्छ । शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि छनौटका मापदण्ड तथा आधारहरु परियोजनाको वेबसाइट (https://mawrin.bagamati.gov.np/, https://swco.ramechhap.bagamati.gov.np) मा रहेको व्यहोरा अनुरोध छ ।

आवेदन दिन सकिने स्थानहरु:

१. बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल, फोन नं. ०५७-५२५६१७
२. भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप बजार, रामेछाप, फोन नं. ०४८-४०००५८
३. नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता बृद्धिका लागि जलाधार व्यवस्थापन (MaWRiN), परियोजना, परियोजना व्यवस्थापन इकाई, सिन्धुली, नेपाल, फोन नं. ०४७-५९०००९

<u>थप जानकारीका लागि</u>

भू तथा जलाधार व्यवस्थापन कार्यालय
रामेछाप बजार, रामेछाप
फोन नं. ०४८-४०००५८/ ९८४००१०३४३

## शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी छनौटका आधार तथा मापदण्ड

नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन (MaWRiN) परियोजना नेपालको बागमती प्रदेश अन्तर्गतका सिन्धुली जिल्लाको कमलामाई नगरपालिका (१, ४ र ५ को पानी ढलो), घ्याङलेख गाउँपालिका (१ देखि ३ सम्मको पानी ढलो), मरिण गाउँपालिका (१ देखि ७ सम्मको पानी ढलो) र हरिहरपुरगढी गाउँपालिका (२, ४ देखि ८ सम्मको पानी ढलो) मा फैलिएको मरिण जलाधार क्षेत्रका लागि संचालित परियोजना हो। यस परियोजनामा डब्लु. डब्लु. एफ. (WWF) मार्फत ग्लोबल ईन्वाइरन्मेन्ट फेसिलिटी (GEF) को आर्थिक र प्राविधिक सशर्त अनुदान मार्फत संघीय वन तथा वातावरण मन्त्रालय राष्ट्रिय परियोजना कार्यान्वयन निकाय र बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल कार्यान्वयन साझेदारको रुपमा संचालित परियोजना हो।

जलवायु परिवर्तनले नेपालको दिगो विकासका लागि ठूलो चुनौती सिर्जना गरेको छ। चुरेको मध्य—पूर्वमा पर्ने मरिण जलाधार क्षेत्र सबैभन्दा जोखिमपूर्ण क्षेत्रमध्ये एक हो, जहाँ पहिरो, बाढी, खडेरी र डढेलोले स्थानीय समुदायको जीविकामा असर पारेका छन्। मानवीय क्रियाकलापका कारण प्राकृतिक स्रोतको विनाश र पानीको अभाव बढ्दो छ। यस परियोजनाले मरिण जलाधार व्यवस्थापन र स्थानीय समुदायको जलवायु उत्थानशीलता वृद्धि गर्न सहयोग पुऱ्याउनेछ। परियोजनाले प्रकृतिमा आधारित समाधान (Nature-based Solutions-NbS) र जीविकोपार्जन विविधीकरण (Livelihood Diversification) मार्फत समुदायहरूको जलवायु उत्थानशीलता बढाउनेछ। साथै, यसले जलवायु परिवर्तनका विषयहरुलाई मूलप्रवाहीकरण, स्थानीय समुदायको उत्थानशीलता वृद्धि, र असल अभ्यासको व्यवस्थापन र प्रचार प्रसारमा मद्दत गर्नेछ।

बढ्दो विश्वव्यापी समस्या जस्तै जलवायु परिवर्तन, जैविक विविधतामा क्षति र प्रदूषणका कारण जलाधारिय स्रोतहरु जस्तै वन, जमिन, जलको क्षयीकरणका कारण विभिन्न वातावरणीय सेवाहरूको आपूर्तिमा असन्तुलन बढ्दो क्रममा रहेको छ। यस्ता चुनौतीहरू समाधान गर्न वैज्ञानिक अध्ययन, अनुसन्धान र तथ्यमा आधारित नीति, रणनीति तथा कार्यक्रमहरु आवश्यक छन्। यस सन्दर्भमा शैक्षिक संस्थाहरू र विद्यार्थीहरूको ज्ञान तथा नविनतम विचारहरुलाई अध्ययन मार्फत उजागर र अभिलेखीकरण गर्न जरुरी छ, जसले दीर्घकालीन नीति निर्माण, कार्यक्रम तर्जुमा र सञ्चालनमा मार्गदर्शन पुऱ्याउन सक्छ। यसै सन्दर्भमा, थेसिस र अनुसन्धान अनुदान मार्फत जलवायु अनुकूलन, जलाधार तथा वन व्यवस्थापनका रणनीति तथा कार्यक्रमहरु पहिचान गरि समुदाय र वातावरणमा परेका समस्याहरुको समाधान गर्न यो क्रियाकलाप तय गरिएको हो। यस क्रियाकलापले विद्यार्थी/शैक्षिक संस्थाहरुलाई अध्ययनका लागि आवश्यक स्रोत साधन तथा प्राविधिक सहयोग जुटाउन सहयोग गर्नेछ। विभिन्न विश्वविद्यालयमा वा सो संग सम्वन्धन प्राप्त कलेजहरुमा स्नातककोत्तर वा स्नातक तहमा अध्ययनरत विद्यार्थीबाट तयार हुने शोधपत्र यस परियोजना कार्यान्वयन क्षेत्र मरिण जलाधारको जलाधारीय स्रोतहरूको एकीकृत व्यवस्थापन गर्दै आदिवासी तथा स्थानीय समुदायहरूको उत्थानशीलता वृद्धिमा सहयोग पुग्ने वा

परियोजनाको उदेश्य संग सम्बन्धीत विषयमा शोधपत्र तयार गर्न इच्छुक विद्यार्थीका लागि शोध अनुसन्धान सहयोग उपलब्ध गराउने उदेश्यले भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप यी छनौटका आधारहरु बनाएको छ ।

## १. शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषयवस्तु

शोधपत्र तयार गर्दा भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले दिइएको तपशीलका शिर्षकहरुको परिधिमा रहेर शोधपत्र प्रस्ताव तयार गर्नु पर्नेछ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्रथम दर्जाको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

- जलाधार व्यवस्थापन (Watershed Management)
- जलवायु परिवर्तन अनुकूलन/उत्थानशीलता (Climate Change Adaptation/Resilience)
- जलवायु परिवर्तन अनुकूलनका स्थानीय ज्ञान, अभ्यास र प्रविधिहरु (Indigenous Knowledge, Practices and Technology)
- दिगो वन व्यवस्थापन (Sustainable Forest Management)
- जीविकोपार्जन विविधीकरण (Livelihoods Diversification)
- प्राकृतिक स्रोत व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरण तथा वातावरणीय सुरक्षा (Gender Equality and Social Inclusion, Environmental and Social Safeguards in Natural Resource Management)
- जैविक विविधता संरक्षण (Bio-diversity Conservation)

## २. आवेदन सम्बन्धि व्यवस्था तथा आवेदनको प्रकृया

भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले स्वीकृत बजेटको परिधिमा रही शोधपत्र अनुसन्धानको लागि प्रस्ताव पेश गर्न २१ दिने सूचना आयोजनाको वेब साइटमा प्रकाशित गर्नेछ ।निर्धारित समय सीमाभित्र रितपुर्वक प्राप्त प्रस्तावहरुको नियमानुसार छनौट गरिनेछ ।

### २.१ आवेदन पेश गर्दा निम्न बमोजिमको योग्यता, प्रकृया र कागजातहरु पुगेको हुनु पर्नेछ ।

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा वार्षिक प्रणाली भए अन्तिम वर्षमा तथा सेमेस्टर प्रणाली भए अन्तिम सेमेस्टरमा अध्ययनरत हुन पर्नेछ ।

(ख) माथि उल्लेखित शिर्षकहरु सम्वन्धि शोधपत्र तयार गर्नु पर्नेछ ।

### २.२ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

(क) अध्ययनरत विश्वविद्यालयमा वा सो संग सम्वन्धन प्राप्त कलेजहरुको शोधपत्रको शिर्षक, तोकिएको सुपरभाईजर सहितको सिफरिस पत्र ।

(ख) आवेदनकर्ताले अनुसुची–२ मा तोकिएको आवेदन फारम भरी सुचनामा उल्लेख भए अनुसारको ढाँचामा अनुसंधान प्रस्ताव (Hard and soft copy both) पेश गर्नु पर्नेछ । अनुसन्धान प्रस्तावको ढाँचा अनुसुची–३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. शोधपत्र प्रस्ताव मूल्याङ्कन

३.१ मूल्यांकन समितिः

क. शोधपत्र प्रस्ताव मूल्याङ्कन समितिमा तपशिल बमोजिमको सदस्य रहनेछन, ।

- वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत, भू तथा जलाधार व्यवस्थापन कार्यालय-संयोजक
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले तोके बमोजिम-सदस्य
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले तोके बमोजिम-सदस्य
- परियोजना व्यवस्थापन इकाईबाट सम्बन्धित विषयविज्ञ -आमन्त्रित सदस्य

(ख) गठीत समितिले अनुसूची–४ मा उल्लेखित आधारहरुमा उपयूक्त प्रस्ताव छनोट गरी स्वीकृतिको लागि परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्ने छ ।

४. शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था

- प्रस्तावको सान्दर्भिकता र परियोजनाका उद्देश्यहरूमा योगदान गर्ने अनुसन्धान प्राथमिकता दिइने छ।
- परियोजना क्षेत्रका विद्यार्थीहरूलाई प्राथमिकता दिइने छ।
- सीमान्तकृत समुदायका विद्यार्थीहरू र महिलालाई प्रोत्साहन गरिने छ।

४.१ शोधपत्रको सम्झौता सम्बन्धि व्यवस्था

शोधपत्रको अनुसन्धान सहयोगको लागि छनौट भएका शोधपत्रकर्ता र यस आयोजना बिच अनुसुचि–५ मा उल्लेखित ढाँचा बमोजिम एक सम्झौता गर्नुपर्ने छ ।

४.२ शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी व्यवस्था:

स्वीकृत बजेटको आधारमा छनौट भयका प्रस्ताव बमोजिम शोधपत्र अनुसन्धान सहयोग बापत स्नातक तहको लागि प्रति शोधपत्र बापत बढीमा रु. ६०,०००।— (साठी हजार ) र स्नातकोत्तर तहको लागि प्रति शोधपत्र बापत बढीमा रु ८५,००० (पचासी हजार) रकम उपलब्ध गराइनेछ ।

४.२ शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको तरिका :

(क) परियोजनाको नियमानुसार A/C Payee Cheque मार्फत वा online transfer मार्फत सम्बन्धित शोधपत्रकर्तालाई बढीमा दुई किस्तामा उपलब्ध गराईने छ । प्रथम किस्ता बापत कुल रकमको ५० प्रतिशत मनोनयन पश्चात तुरुन्तै पेश्की स्वरुप उपलब्ध गराईनेछ ।

(ख) सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ एक प्रति शोधपत्र उपब्लब्ध गराए पश्चात बाँकी ५० प्रतिशत रकम सम्बन्धित शोधकर्तालाई A/C Payee Cheque मार्फत वा online transfer मार्फत उपलब्ध गराइनेछ ।

(ग) नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली पालना गर्दै विद्यार्थीहरूले पेश्की फछ्यौंट/सोधभर्ना गर्दा खर्चको बिल/भरपाई पेश गर्नु पर्ने छ। फछ्यौंट/सोधभर्ना गर्दा सोधकर्ता/विद्यार्थीहरूले प्यान अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४.३ देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः खारेज हुनेछ ।

(क) विश्वविद्यालय/शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने जानकारी गराएमा ।

(ख) शोधपत्रकर्ता स्वयंले पहिलो किस्ता लिई शोत्रपत्रको कार्य बिचैमा छाडेमा। यसरी शोधपत्रको कार्य बिचमै छाडेमा पहिलो किस्ताको रकम फिर्ता गर्नु पर्नेछ र शोधपत्र अनुसन्धान सहयोग सम्बन्धि सम्झौता स्वतः समाप्त हुनेछ । रकम फिर्ता गराउने जिम्मेवारी सम्बन्धित क्यामपस/विभागको हुनेछ ।

(ग) गुणस्तरिय शोधपत्र तयार गर्न नसकेको कारण शोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थाबाट अस्वीकृत भएमा ।

५. विविध

यो दस्तावेज प्रयोग र पालना गर्ने गराउने दायित्व आयोजनाको र आयोजनामा कार्यरत कर्मचारीहरु तथा सरोकारवाला क्यामपस/विभागको दुबैको हुनेछ ।

(क) यस दस्तावेजमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार आयोजनालाई हुनेछ ।

(ख) यस दस्तावेज प्रयोग गर्दा कुनै पक्षलाई मर्का परी चित्त नबुझेमा त्यस्तो पक्षले आयोजनामा निवेदन दिन सक्नेछ। प्राप्त निवेदन माथि छानबिन गरी आयोजनाले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची–२

## आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम ..........................................................................................

शोत्रपत्र कर्ताको नामः (देवनागरिक लिपिमा)..............................................................................

शोत्रपत्र कर्ताको नामः (अंग्रेजीमा)..........................................................................................

जन्म मितिः......................

लिङ्ग पुरुष ☐ महिला ☐

विवाहित ☐ अविवाहित ☐

बावुको नामः....................................... आमाको नाम ..................................................

सम्पर्क टेलिफोन नं......................... मोबाइल नं.............................
इमेलः............................

स्थायी ठेगानाः...........................................................................................................

शोधपत्र अनुसन्धानको शिर्षकः.............................................................................................

अध्ययनरत क्याम्पस/ विभागको नामः.......................................................................................

शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्रासांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |

शोधपत्र सुपरिवेक्षण गर्नेकोः

नाम थरः

पदः

बिभागः

शोधपत्र कर्ताकोः

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

नागरिकता नं.

जारी गर्ने जिल्लाः

जारी मितिः

अनुसूची—३

शोधपत्र प्रतावको ढाँचा

शोधपत्र प्रतावको ढाँचा देहाय बमोजिम हुनुपर्ने छ ।

**(क)** सामान्य बिवरण

१. शिर्षक (Title):

२. औचित्यता (Rationale):

३. उदेश्य (Objective):

४. अध्ययन क्षेत्र (Study area)

५. सैद्धान्तिक ढाँचा (Theoretical framework):

६. अनुसन्धान विधि (Research Methodology):

७. सन्दर्भ सामग्री (References)

**(ख)** कार्य योजना तथा बजेट **(Workplan and budget)**

अनुसूची—४

शोधपत्र प्रताव मूल्यांकनका आधारहरु

| क.स | मूल्यांकनका आधारहरु | अंकभार | अंकभारको थप बर्गिकरण |
|---|---|---|---|
| १. | शोधपत्र प्रस्ताव | ६० | शिर्षक- १० |
| | | | औचित्यता-२० |
| | | | उद्देश्यमा स्पष्टता- १० |
| | | | सैद्धान्तिक ढांचा-१० |
| | | | अनुसन्धान विधि-१० |
| २. | दलित, आदिबाशी, जनजाती | ५ | |
| ३. | महिला | ५ | |
| ४. | नवीनता र रचनात्मकता (Innovation and creativity ) | २० | |
| ५. | परियोजना क्षेत्रका विद्यार्थी | १० | |
| | जम्मा | १०० | |

अनुसूची—५

सम्झौता पत्रको नमुना

भू तथा जलाधार व्यवस्थापन कार्यलय, रामेछाप (यस पछि प्रथम पक्ष भनिएको) र ................................. ( यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक प्रति लियौं ।

१. दोस्रो पक्षले ..................................... शिर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।

२. मिति .................................. भित्र शोधपत्र तयार गरि एक प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र शोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्ने छ । थपिएको अवधि भित्र पनि दोस्रो पक्षले शोधपत्र तयार गर्न नसकेमा यो सम्झौता स्वतः बदर भएको मानिनेछ ।

३. प्रथम पक्षले शोधपत्र कार्यको लागि यो सम्झौता भएपछी पेश्की स्वरुप शोधपत्र अनुसन्धान सहयोगको ५० प्रतिशत रकम पाउने छ र सोधपत्रको कार्य सकिए पछी शोधपत्र उपयुक्त देखिएमा बाँकी रकम एकमुष्ट पाईने छ । दोस्रो पक्षले तोकिएको अवधि भित्र शोधपत्र पेश गर्न नसकेमा पेश्की बापत लिएको रकम पहिलो पक्षलाई फिर्ता गर्नुपर्ने छ । रकम फिर्ता नगरेमा प्रचलित कानून अनुसार असुलउपर गरिने छ ।

४. शोधपत्र तयार गर्दा स्थलगत रुपमा प्रथम दर्जाको तथ्यांक संकलन गरी आधिकारीक र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ। सन्दर्भ सामग्रीको रुपमा दोस्रो दर्जाको तथ्यांक (Secondary Data) प्रयोग गर्न सकिने छ । सोधपत्रको तथ्यांक र बिवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।

६. शोधपत्र तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहिता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

७. अन्य कुराहरु भू तथा जलाधार व्यवस्थापन कार्यलय, रामेछापको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने छनौटका आधारहरु र प्रचलित कानून अनुसार हुनेछ ।

८. अनुसन्धान कार्य पूर्ण गरिसकेपछि सम्बन्धित शिक्षण संस्थाबाट शोधपत्र स्वीकृत हुन पूर्व यस छनौट समितिको उपस्थितिमा यस कार्यालयमा शोधपत्र मस्यौदा प्रतिवेदनको प्रस्तुति गर्नु पर्नेछ र प्राप्त सुझावहरुलाई समेत समावेश गरेर मात्र सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत गराउनु पर्नेछ ।

८.स्वीकृत भएको शोधपत्र एक प्रति Hard copy र soft copy (Pdf file) यस कार्यालय लाई बुझाउनु पर्नेछ ।

९. नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली पालना गर्दै शोधकर्ता/विद्यार्थीहरूले पेश्की फछ्र्यौट/सोधभर्ना गर्दा खर्चको बिल/भरपाई पेश गर्नु पर्ने छ। फछ्र्यौट/सोधभर्ना गर्दा विद्यार्थीहरूले प्यान अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

<u>सम्झौताको दोस्रो पक्ष:</u>
स्थायी ठेगाना:
सम्पर्क नम्बर:
नागरिकता नं.
जारी गर्ने जिल्ला:
जारी मिति:
दस्तखत:
मिति:

<u>सम्झौताको प्रथम पक्ष:</u>
नाम:
पद:
दस्तखत:
मिति:
कार्यालयको नाम: